# विश्व न्याय गृह
# रिज्वान २०११

विश्वभरका बहाईहरू

अति प्रिय मित्रहरू,

यस गौरवमय मौसमको उदयको समयमा बाबको समाधीको मुकुट जस्तो भएर रहेको र हालै मात्र अनावरण गरिएको सुनौला गुम्बजको प्रभाले हाम्रा आँखाहरूलाई उज्यालो बनाइदिएको छ। शोघी एफेन्दीले चाहेको जस्तै दिव्य चमकको अवस्थामा जिर्णोद्धार गरिएको यस भव्य भवनले आफ्नो भित्री भागमा जसको पवित्र अवशेष रहेको छ उनको महिमा र पवित्रतालाई प्रमाणित गर्दै जमीन, समुद्र र आकाशतर्फ दिन रात चम्किरहेको छ।

यो हर्षको घडी दिव्य योजनाको प्रकटीकरणको एउटा मंगलमय अध्यायको समाप्तिको साथ साथै रहेको छ। निर्माणाधिन युगको पहिलो शताब्दीको केवल एक दशक मात्र बाँकी छ; यसरी अब्दुल-बहाको इच्छापत्रको लाभदायक छत्रछायाँमा पहिलो एक सय वर्ष बित्न गएको छ। अहिले अन्त्य हुनलागेको पाँच वर्ष योजनाको लगत्तै पछि अर्को त्यस्तै योजना आउँदैछ, जसका विशेषताहरू बहाई विश्व भरि नै गहन अध्ययनको विषय बन्न गएको छ। साँच्चै नै महाद्विपीय सल्लाहकारहरूको सम्मेलनलाई हामीले दिएको सन्देश र बाह्र महिना अगाडि दिएको रिज्वानको सन्देश प्रति व्यक्त भएको प्रतिक्रिया प्रतिबाट हामी अति प्रशन्न भएका छौं। तिनीहरूमा प्रस्तुत भएका विषय वस्तुको अध्ययनबाट प्राप्त अपूर्ण ज्ञानबाट सन्तुष्ट नभएर मित्रहरू एक्लै एक्लै र समूहहरूमा, औपचारिक बैठकहरू र स्वतः आयोजित भेलाहरूमा फर्कि फर्कि यी सन्देशहरूको अध्ययन गर्दै छन्। आफ्ना क्लष्टरहरूमा विकसित भइरहेका वृद्धि कार्यक्रममा हुने सक्रिय र ज्ञानप्रद सहभागिताले यो बुझ्ने कामलाई झन् संवृद्ध बनाएको छ। यसको नतिजा स्वरुप, विश्व भरिको बहाई समुदायले केही महिनामै सचेतताकासाथ ती कुराहरू प्राप्त गरिसकिएको छ जुन आगामी दशकको लागि आत्माविश्वासकासाथ शुरु गर्न आवश्यक पर्छ।

यसै अवधिमा, विभिन्न महादेशहरूमा भएका राजनीतिक उथलपुथल र आर्थिक खलबलीले सरकार र जनताहरूलाई विचलित पारेका छन्। कैयौं समाजहरूलाई क्रान्तिको डीलमा ल्याइएको छ। र केही उल्लेखित परिस्थितिहरूमा डील पनि पार गरेका छन्। नेताहरूले यो पत्ता लगाउँदैछन् कि हातहतियार र धनसम्पत्तिले सुरक्षाको प्रत्याभूति दिन सक्दैनन्। जहाँ आमजनताका आकांक्षाहरू पूरा हुन सकेको छैन त्यहाँ क्रोधको भण्डार थपिएको छ। हामी सम्झन्छौं बहाउल्लाहले कसरी संकेत दिँदै संसारका शासकहरूलाई चेतावनी दिनु भएको थियो, "तिमीहरूका जनता भनेको तिम्रा खजाना हुन्। होश् गर कि तिम्रा शासनले ईश्वरका आदेशहरूको उल्लङ्घन गरेका छैनन् र तिमीहरूले आफ्नो जिम्माका व्यक्तिहरूलाई डाँकाहरूका हातमा सुम्पिने छैनौं।" सावधानीको एक शब्द : परिवर्तनको लागि जनताको उत्तेजनाका दृष्य जतिसुकै भव्य देखिए पनि यो कुरा बिर्सनु हुँदैन कि त्यस्ता तत्वहरू पनि छन् जसले घटना क्रमबाट फाइदा लिन खोज्दछन्। र, जबसम्म दैवी चिकित्सकले निर्धारण गरेको उपचार प्रयोग गरिदैन तबसम्म यस युगका दुःख कष्ट विद्यमान रहन्छन् र अझ गम्भीर बन्ने छन्। यी समयहरूलाई ध्यानपूर्वक हेर्ने कुनै पनि व्यक्तिले एउटा दोषपूर्ण विश्व व्यवस्था अव्यवस्थित ढङ्गले भएपनि निरन्तररुपले टुक्रिदैं गएको कुरालाई सजिलैसँग बुझ्न सक्छ।

तर, त्यसको ठीक विपरित कुरा पनि देख्न सकिन्छ जसलाई धर्म संरक्षकले "बहाउल्लाहको उदीयमान धर्म" को निर्माणाधिन प्रक्रियासँग जोड्नु भएको थियो र जसलाई उहाँले " प्रभु धर्मले अविलम्ब स्थापना गर्नु पर्ने नयाँ विश्व व्यवस्थाको अग्रदूत भनी व्याख्या गर्नु भएको थियो। यसको अप्रत्यक्ष प्रभावहरू खासगरी जवान व्यक्तिहरूको भावनाको उद्‌गारबाट देखिन्छ जुन सामाजिक परिवर्तनमा योगदान पुऱ्याउने तिनीहरूको आकांक्षाबाट प्रकट भएको हो। प्राचीन सौन्दर्यका अनुयायीहरूलाई प्रदान गरिएको यो एउटा वरदान हो कि यो आकांक्षा, जुन प्रत्येक भूमिमा मानव आत्माबाट अटल रुपले प्रस्फुटन भएको छ र विश्वका विविध जनसमुदाय

बीच प्रभावकारी कार्वाहीको लागि क्षमता वृद्धि गर्न बहाई समुदायले गरिरहेको काममा यसको स्पष्ट अभिव्यक्ति पाउन सकिएको छ । के यसको तुलनामा अरु कुनै विशेषाधिकार पाउन सकिन्छ ?

यस कामलाई बुझ्ने अन्तर्दृष्टिको लागि प्रत्येक अनुयायीले अब्दुल-बहातिर हेरुन् जसको इजिप्ट र पश्चिमी देशहरूको "युगान्तकारी भ्रमण" को सतवार्षिकी यसै समयमा मनाइँदै छ । अथक रुपले उहाँले प्रत्येक सामाजिक परिस्थितिमा दैवी शिक्षालाई स्पष्टसित व्याख्या गर्नु भयोः घर घरमा, धर्म प्रचारकका सभाकक्षहरूमा, यहुदीका पूजास्थलमा, उद्यान र सार्वजनिक चोकहरूमा, रेलका डिब्बाहरूमा र समुद्री जहाजहरूमा, क्लब र सामाजिक संघ संस्थाहरूमा, विद्यालय र विश्वविद्यालयहरूमा । सत्यको पक्षमा अटल रहेर, यद्यपि ज्यादै शान्त स्वभावकासाथ, उनले यस युगका आवश्यकताहरूलाई प्रभाव पार्ने अलौकिक दैवी सिद्धान्त प्रस्तुत गर्नु भयो । कुनै भेदभावबिना सबैलाई––अधिकृतहरू, बैज्ञानिकहरू, कामदारहरू, बालबालिका, अभिभावकहरू, निर्वासितहरू, राजनीतिक कार्यकर्ताहरू, पुरोहितहरू, संशयबादीहरू––उनले प्रेम, बुद्धि, सान्त्वना, जे जस्तो विशेष रुपले आवश्यक हुन आउँथ्यो त्यही दिनु हुन्थ्यो । तिनीहरूका आत्मालाई उच्च बनाउँदै उनले तिनीहरूका पूर्वधारणाहरूलाई चुनौति दिनु हुन्थ्यो, तिनीहरूका दृष्टिकोणहरूलाई पुनः दिशा बोध गर्नु हुन्थ्यो, तिनीहरूका चेतनालाई उदार बनाइदिनु हुन्थ्यो र तिनीहरूका शक्तिहरूलाई केन्द्रीभूत गरिदिनु हुन्थ्यो । उहाँले आफ्नो वचन र कर्मले यस्तो करुणा र उदारता देखाउनु हुन्थ्यो कि हृदयहरू पूर्णरुपले बदलिन्थे । कसैलाई पनि त्यसै फर्काइदैनथ्यो । हाम्रो यो परम इच्छा छ कि यो सतवार्षिकीको समयमा स्वामीको यो अद्वितीय कीर्तिमानको बारम्बार सम्झना गरेमा उनका सच्चा प्रशंसकहरूलाई प्रेरणा र बल मिल्ने छ । उनको आदर्शलाई आफ्नो आँखा अगाडि राख्नुहोस् र एकटक लगाएर हेरिरहनोस्, योजनाका लक्ष्य प्राप्तिका लागि त्यही नै तपाईंहरूको स्वाभाविक मार्ग दर्शक बनोस् ।

बहाई समुदायको पहिलो विश्वव्यापी योजनाको प्रारम्भमा शोघी एफेन्दीले जोडदार शब्दहरूमा वर्णन गर्नु भएको थियो कसरी क्रमबद्ध चरणहरूमा सियाचालमा दैवी ज्योति प्रदीप्त गरिएको थियो, बग्दादमा प्रकटीकरणको बत्तीको रुपमा देखिएको थियो, एसिया र अफ्रिकाका मुलुकहरूमा यो त्यसबेला फैलिन थाल्यो जुन बेला एड्रिएनोपल र पछि अक्कामा थप प्रभाका साथ चम्किन थाल्यो, बाँकी महादेशहरूमा समुद्रपार गरेर प्रक्षेपण हुन थाल्यो र त्यसैद्वारा विश्वका राष्ट्रहरू र उपनिवेशहरूमा क्रमैसँग फैलिंदै जाने कार्य जारी थियो । यस प्रक्रियाको अन्तिम भागलाई उहाँले यसरी चित्रण गर्नु भएको थियो "त्यस ज्योतिको प्रवेश…विश्वका बाँकी सबै भागहरूमा", र त्यसलाई संकेत गर्दै,"त्यस चरण जसमा ईश्वरको विजयी धर्मले आफ्नो सम्पूर्ण शक्ति र गौरवको प्रकाशका साथ समस्त संसारलाई व्याप्त पार्ने र ढाकिदिनेछ ।" त्यो लक्ष्य पूरा हुन धेरै बाँकी भएता पनि कैयौं क्षेत्रहरूमा त्यो ज्योति तिब्रताकासाथ चम्किसकेको छ । कुनै कुनै देशहरूमा त्यो प्रत्येक क्लष्टरमा चंकिरहेको छ । जुन भूमिमा त्यो निभाउनै नसकिने बत्ती सबभन्दा पहिले सल्काएको थियो त्यहाँ त्यसलाई कसै कसैले निभाउने इच्छा गरेता पनि त्यो उज्यालोसित बलिरहेको छ । विविध राष्ट्रहरूमा सम्पूर्ण छर छिमेक र गाउँहरूमा यसले स्थिर प्रकाश हाँसील गरिरहेको छ , जब एक पछि अर्को हृदयमा विधाताका हातले एक पछि अर्को मैनबत्ति बालिरहेको छ; यसले मानव अन्तर्क्रियाको प्रत्येक स्तरमा हुने ध्यानपूर्ण वार्तालापलाई प्रज्ज्वलित पारिदिएको छ; जनताको भलाई प्रवर्धन गर्ने अनगिन्ती पहलहरूमाथि यसले आफ्ना किरणहरू फ्याँकिरहेको छ । र हरेक अवस्थामा, यो अन्धकारमा सचेत गराउने बत्ती सरह एउटा इमान्दार अनुयायी एउटा सजीव समुदाय, एउटा मायालु आध्यात्मिक सभाबाट यो फैलिएको हुन्छ ।

हामी पवित्र संघारमा हार्दिक प्रार्थना गर्दछौं कि त्यो कहिले ननिभ्ने ज्वालाका बाहक तपाईंहरू प्रत्येकलाई प्रभु धर्मका झिल्का अरुहरू समक्ष पुऱ्याइरहेको बेलामा, बहाउल्लाहका शक्तिशाली सम्पुष्टिहरू तपाईंहरूको चारैतिर रहिरहुन् ।

विश्व न्याय गृह